नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

केन्द्रीय बालकल्याण समिति

# राष्ट्रिय बाल दिवस, भदौ २९, २०७४

**इतिहास खोतल्दा,**

नेपालको जनआन्दोलन-२ को राजनीतिक परिवर्तनपछि राष्ट्रिय बाल दिवस मनाउने मिति परिवर्तन भई हाल **बालअधिकार सम्बन्धी महासन्धि, १९८९** लाई वि.सं. २०४७ साल भदौ २९ गते (तदनुसार १४ सेप्टेम्बर, १९९०) अनुमोदन गरेको दिनको सन्दर्भ पारेर नेपाल सरकारको निर्णयानुसार हरेक वर्ष **भदौ २९ गते** बालबालिकाको राष्ट्रिय पर्वको रूपमा राष्ट्रिय बाल दिवस मनाइँदै आइएको छ । बाल दिवसको इतिहास खोतल्दा, तत्कालीन श्री ५ मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहको जन्म दिनको अवसर पारेर वि.सं. २०२२ सालदेखि वि.सं. २०६२ सालसम्म भदौ ४ गते राष्ट्रिय बाल दिवस मनाइने गरिएको थियो । तर, नेपालमा गणतन्त्रको स्थापना पश्चात् कसैको जन्मदिनका उपलक्ष्यमा राष्ट्रिय बाल दिवस मनाउनु सान्दर्भिक रहने कुरै भएन । अतः राष्ट्रले बालअधिकारप्रति औपचारिक प्रतिवद्धता जनाएको दिन पारेर हाल भदौ २९ मा राष्ट्रिय बाल दिवस मनाउने गरिएको हो । २०६३ सालदेखि नयाँ ढंगले राष्ट्रिय बाल दिवस मनाउन थालिएको छ । २०६४ सालदेखि प्रत्येक वर्ष राष्ट्रिय बाल दिवसको मूल नारा तय गरी सो विषयमा केन्द्रीत कार्यक्रमहरू गर्ने गरिएको छ । नेपालमा चलेको दश वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य गर्दै २०६३ साल मंसिर ५ गते भएको शान्ति सम्झौता संगसंगै नयाँ नेपाल निर्माणको प्रसंग जताततै जोडिन थाल्यो । त्यसैले २०६४ र ०६५ सालको राष्ट्रिय बाल दिवसको मूलनारा पनि **"सुनिश्चित बालअधिकारः नयाँ नेपालको पूर्वाधार"** भन्ने रहन गयो । संविधान सभाको निर्वाचनपश्चात् नयाँ संविधान निर्माणका निम्ति सबैको ध्यान आकृष्ट भैरहेको बेलामा २०६६ र ०६७ को राष्ट्रिय बाल दिवसको मूल नारा **"हामी सबैको सरोकारः नयाँ संविधानमा सुनिश्चित बालअधिकार"** राखियो । नयाँ बन्ने संविधानमा बालअधिकारलाई सुनिश्चित गर्नुपर्ने कुरालाई अझ जोड दिँदै २०६८ र ०६९ सालको राष्ट्रिय बाल दिवसको मूल नारा **"हामी सबैको सरोकारः शान्ति, संविधान र सुनिश्चित बालअधिकार"** रहन गयो । नयाँ संविधान बन्ने क्रम जारीनै रह्यो र हरेक चरणमा बालअधिकार सुनिश्चित गर्ने प्रयासहरू पनि कायमै रहे । बालबालिका विरुद्ध दुर्व्यवहारका घटनाहरू बढ्दै गएको सन्दर्भलाई ध्यानमा राखि २०७० र ०७१ को राष्ट्रिय बाल दिवसको मूल नारा **"बालबालिकाका कुरा सुनौं: बाल दुर्व्यवहार अन्त्य गरौं"** भन्ने राखियो । २०७२ सालको भूकम्पबाट सिर्जित विपद्पश्चात्को पुनर्निमाणमा बालबालिका सम्बन्धी विषयलाई प्राथमिकतामा राख्न र निर्माणाधीन संविधानमा बालअधिकार सुनिश्चित गर्न २०७२ सालको राष्ट्रिय बाल दिवसको मूल नारा **"पुनर्निमाण र संविधानः बालअधिकारको संरक्षण हाम्रो अभियान"** राखिएको थियो । संविधानमा बालबालिकाका अधिकार सुनिश्चत भए पछि यसको कार्यान्वयनमा जोड दिन गत वर्ष २०७३ को राष्ट्रिय बाल दिवसको मूल नारा **"सम्वर्द्धन बालअधिकारको: कार्यान्वयन संविधानको"** भन्ने तय भएको थियो । यस वर्ष २०७४को नारा **"बालमैत्री शासनः बालअधिकारको सम्मान"** भन्ने तय भएकोछ । बालअधिकारको सम्मान, संरक्षण र परिपालनाका लागि हरेक तहको शासन पद्धति बालमैत्री हुनु पर्ने र बालबालिकाका विषयलाई प्राथमिकता दिनु पर्ने पक्षलाई यस वर्ष जोड दिइएकोछ ।

**वर्तमान नियाल्दा,**

नेपालको संवैधानिक इतिहासमा सातौं संविधानको रूपमा वर्तमान नेपालको संविधान वि.सं. २०७२ साल असोज ३ गते घोषणा गरी लागू गरिएको छ । हरेक दृष्टिकोणले विश्वको उत्कृष्ट संविधानको दर्जामा रहेको यो संविधान बालमैत्री संविधानका रूपमा पनि अग्रणी रहेको छ । संविधानमा भएका व्यवस्थाहरू दैनिक मानवीय जीवनमा कार्यान्वयन गरिएन र व्यवहारमा उतार्न सकिएन भने त्यसले उत्कृष्टता प्राप्त गर्न सक्दैन । एकातिर, संविधानमा भएका व्यवस्थाहरू कार्यान्वयन भएमा मात्रै यो संविधान साँच्चिकै बालमैत्री संविधानको सार्थक स्वरुपमा बालअधिकारको संरक्षण र सम्वर्द्धनको लागि कोशे ढुङ्गा हुनेछ भने अर्कोतर्फ सबै पक्षबाट बालअधिकारको सम्वर्द्धन भएमा नै यो संविधानको कार्यान्वयन हुनेछ । अतः यो वर्ष, संविधानमा भएका व्यवस्थाहरूलाई आत्मसात् गर्न बाल दिवसको अवसरमा देशैभरि विभिन्न कार्यक्रम आयोजना गरी मनाउन तथा संवैधानिक व्यवस्थाको प्रचारप्रसार गरी आम नागरिकमा बालअधिकारप्रति सचेतना जागरण गर्न स्थानीय सरकारको भूमिका अहम् रहन्छ । व्यवाहारिक रूपमा बालबालिकाका निमित्त क्रियाशिल भई विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, राजनीतिक दलका नेता तथा कार्यकर्ता, बालअधिकारकर्मी, नीति निर्माता, कार्यान्वयनकर्ता लगायत सरकारी तथा गैरसरकारी र विशेष रूपमा स्थानीय तहका कर्मचारी एवं पदाधिकारीहरूलाई बालबालिकाप्रति संवेदनशील भई बालमैत्री वातावरण सिर्जना गरी बालअधिकारको संरक्षण तथा सम्वर्द्धनमा प्रतिवद्ध रहँदै क्रियाशिल हुन हार्दिक अनुरोध छ ।

समग्र बालबालिकाको हकहितको लागि नेपाल सरकारद्वारा सञ्चालित विभिन्न अभियानहरूको सफलताका लागि आ-आफ्नो तहबाट सक्दो सहयोग गर्न समेत यस अवसरमा सम्बन्धित सबैलाई हार्दिक अपिल छ । बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि नेपाल सरकारले विगत वर्षदेखि विभिन्न तहमा सञ्चालन गर्दै आएका अभियानहरू जस्तैः "बालविवाह रोकथाम तथा न्यूनीकरण अभियान", "शारीरिक तथा मानसिक दण्ड सजाय रोकथाम तथा नियन्त्रण अभियान", "विद्यालय शान्ति क्षेत्र घोषणा अभियान", "बालमैत्री स्थानीय निकाय घोषणा

अभियान", "बालबालिका बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रण अभियान", "बालश्रम निवारण तथा न्यूनीकरण अभियान", "सडक बालबालिका मुक्त अभियान" र "जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका उद्धार तथा संरक्षण अभियान" लगायतलाई समेत यस अवसरमा प्रवर्द्धन गर्नु सान्दर्भिक हुनेछ । यी र यस्तै खाले बालअधिकार सम्वर्द्धनका अभियानहरू सफल बनाउन सरोकारवाला निकायहरू जिम्मेवार र संवेदनशील हुनु जरुरी छ ।

राज्यका सबै पक्ष सजग र सचेत भई बालअधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति निरन्तर प्रयासरत रहन नेपालको संविधानको धारा (३९) मा भएका देहायका संवैधानिक व्यवस्थाहरूलाई अक्षरशः पालना गर्नु हामी सबैको कर्तव्य हो । यसका लागि सबै राजनैतिक दल, नागरिक समाज तथा गैरसरकारी एवम् निजी क्षेत्र, आम जनसमुदाय सबैले आ-आफ्नो तर्फबाट दायित्वबोध गर्नु जरुरी छ ।

**नेपालको संविधानको धारा (३९) बालबालिकाको हकः**

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित **नामाकरण र जन्मदर्ता**को हक हुनेछ ।
(२) प्रत्येक बालबालिकालाई **परिवार** तथा **राज्य**बाट **शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकास**को हक हुनेछ ।
(३) प्रत्येक बालबालिकालाई **प्रारम्भिक बाल विकास** तथा **बालसहभागिता**को हक हुनेछ ।
(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य **जोखिमपूर्ण काममा लगाउन** पाइने छैन ।
(५) कुनै पनि बालबालिकालाई **बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न** पाइने छैन ।
(६) कुनै पनि बालबालिकालाई **सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न** वा **सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग** गर्न पाइने छैन ।
(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य **जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना** दिन पाइने छैन ।
(८) प्रत्येक बालबालिकालाई **बाल अनुकूल न्याय**को हक हुनेछ ।
(९) **असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित** एवं **जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा** पाउने हक हुनेछ ।
(१०)उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य **कानून बमोजिम दण्डनीय** हुनेछन् र त्यस्तो कार्यबाट **पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने** हक हुनेछ ।

यसैगरी नेपालको संविधानको भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा (५१) को खण्ड (झ३) मा **"बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,"** भन्ने राज्यको नीति रहेको छभने यस धाराकै खण्ड (ञ५) मा **"बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,"** भन्ने राज्यको नीति रहेको छ । यसका साथै नेपालको संविधानको धारा ३१ को **शिक्षा सम्बन्धी हक** अन्तर्गत प्रत्येक बालबालिकालाई आधारभूत **शिक्षामा पहुँच**को हक, प्रत्येक बालबालिकालाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा **अनिवार्य र निःशुल्क** तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । यसैगरी संविधानको भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत रहेका **सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, स्वास्थ्य सम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक** लगायतका मौलिकहकहरू पनि बालबालिकाका लागि आकर्षित हुन्छन् ।

यसरी संविधानमा माथि उल्लेखित बालबालिकाका विषय एवम् बालअधिकार सम्वर्द्धनका निम्ति गर्नुपर्ने राज्यका कार्यहरूलाई जे जस-जसको जिम्मेवारी र दायित्व भित्र पर्दछ, उसले इमान्दारिताका साथ बालसंवेदनशील भई आफ्नो दायित्व निर्वाह गर्ने पर्दछ । जसबाट बालअधिकारको संरक्षण तथा सम्वर्द्धन हुन गई स्वभाविक रूपमा नेपालको संविधानको कार्यान्वयन हुन जानेछ र अन्तत्वगत्वा बालबालिकाको साथमा बालबालिकाको समग्र हकहितबाट शान्त, सक्षम, सबल र समुन्नत राष्ट्र नेपालको निर्माण हुनेछ । **बालअधिकार सबैको सरोकारको विषय हो, बालबालिकाको उचित संरक्षण विना राष्ट्रको समग्र विकास सम्भव छैन** ।

**राष्ट्रिय बाल दिवस** बालबालिकाले नाचगान तथा रमाइलो गरेरमात्रै मनाउने नभई प्रत्येक निकाय, संस्था र **वयस्कहरू बालबालिकाप्रति संवेदनशील भई आ-आफ्नो व्यक्तिगत, पदीय तथा संस्थागत दायित्व निर्वाह गर्न प्रतिवद्ध हुने अवसरका रूपमा** पनि सबै वयस्कहरूले समेत मनाउनु पर्दछ । अतः सामान्यतयाः निम्न प्रकृतिका कार्यक्रम गरी राष्ट्रिय बाल दिवस मनाइदै छः १. बालबालिकाको सहभागितामा सिर्जनशिल क्रियाकलापहरु, २. बालबालिकाका लागि ज्ञानवर्धक, सचेतनात्मक, उत्प्रेरणात्मक कार्यक्रमहरु, ३. आ-आफ्नो क्षेत्रमा बालबालिका सम्बन्धी विषय तथा समस्याहरुको अवस्था र समाधानका उपायसम्बन्धी कार्यक्रमहरु, ४. बालबालिकालाई पहिलो प्राथमिकतामा राख्न वयस्कका लागि दायित्ववोधका कार्यक्रमहरु ।

*बालअधिकारः सबैको सरोकार !*
*जय बालबालिका !!*